# DAILY NEWSLETTER

As of May 12, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## ४ अर्बमाथिको कारोबारमा नेप्से उच्च गिरावटसहित बन्द




नेपाली शेयर बजारमा आज तीव्र दबाब देखिँदा नेप्से परिसूचक महत्वपूर्ण २८०० विन्दुको प्रतिरोध क्षेत्रबाट पुनः अस्वीकृत हुँदै २७४४ विन्दुमा झरेर बन्द भएको छ। कारोबार अवधिभर बजारले सुरुवाती चरणमा केही सुधारको प्रयास गरे पनि माथिल्लो क्षेत्रमा टिक्न नसक्दा अन्तिम समयमा बिक्री चाप हावी भएको देखियो। करिब ४ अर्ब रुपैयाँभन्दा बढीको कारोबार हुनु बजारमा सक्रियता कायम रहेको संकेत भए पनि त्यो सक्रियता अधिकांश रूपमा selling pressure तर्फ केन्द्रित देखिएको थियो।

आजको कारोबारको सबैभन्दा कमजोर पक्ष market breadth रह्यो। कुल कारोबार भएका कम्पनीहरूमध्ये २५१ कम्पनीको शेयर मूल्य घट्दा केवल १३ कम्पनी मात्रै हरियो बन्न सफल भए भने ५ कम्पनी स्थिर रहे।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा BELOW छ। |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ। |
| RSI | RSI 45 पुगेको देखिन्छ। |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

विशेषगरी पछिल्ला केही दिनदेखि बजारले २८०० माथि breakout गर्ने प्रयास गरिरहेको भए पनि buyer ले पर्याप्त strength देखाउन नसक्दा त्यो स्तर बलियो resistance को रूपमा स्थापित भएको छ। प्राविधिक विश्लेषणका आधारमा हेर्दा अब २७००–२७२० क्षेत्र नेप्सेका लागि महत्वपूर्ण support zone बन्न सक्छ। यदि बजारले यो क्षेत्रलाई जोगाउन सफल भयो भने rebound आउने सम्भावना रहन्छ, तर support कमजोर भएमा थप correction तर्फ बजार जान सक्ने जोखिम पनि बढेको छ।

कारोबार रकम भने अझै सन्तोषजनक स्तरमै रहेकाले बजार पूर्ण रूपमा कमजोर भइसकेको अवस्था भने होइन। उच्च volume सँग आएको गिरावटले short-term traders profit booking मा गएको संकेत दिन्छ। आगामी कारोबार दिनमा बैंकिङ, हाइड्रोपावर र फाइनान्स सेक्टरमा buyer को reaction कस्तो रहन्छ भन्ने कुराले बजारको आगामी दिशा निर्धारण गर्ने देखिन्छ। समग्रमा आजको बजारले लगानीकर्तामा confidence कमजोर बन्दै गएको संकेत दिएको छ। २८०० माथिको resistance अझै बलियो देखिएकाले बजारलाई पुनः bullish momentum मा फर्किन नयाँ buying support आवश्यक देखिन्छ। short-term मा volatility बढ्ने सम्भावना कायम रहेकाले लगानीकर्ताले support zone र volume movement लाई विशेष ध्यान दिएर रणनीति बनाउनुपर्ने अवस्था रहेको छ।

9709043043
www.sarbaguna.com
sarb.agun
sarbaguna.investm
Sarbaguna Investment